annapurnapost.com


# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २२३, पृष्ठ ८ | काठमाडौं, आइतबार ६ पुस २०८२ | पौष शुक्लपक्ष प्रतिपदा, नेपाल संवत् ११४६ | SUNDAY, DECEMBER 21, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# भन्ने 'ई–भोटिङ, नहुने भयो इभिएम भोटिङ पनि

## बदर मतको ग्राफ बढ्दै




फागुन २१ गते निर्धारित प्रतिनिधिसभा निर्वाचनमा विदेशमा रहेका मतदाताका लागि 'ई-भोटिङ' को व्यवस्था गर्न सकिने सुझाव सरकार र निर्वाचन आयोगलाई दिइयो । इन्टरनेटको माध्यममार्फत 'एक क्लिक' मै आफूले रोजेको उम्मेदवारलाई मतदान गर्न सकिने विज्ञले सुझाव दिए । तर, विदेशमा रहेका मतदाताका लागि ई-भोटिङ त परै जाओस्, स्वदेशमै रहेका मतदाताका लागि विद्युतीय मेसिन (इभिएम) भोटिङ गराउने व्यवस्था भएन । जबकि मतपत्रमा मतदान गराउँदा हरेक निर्वाचनमा मत बदरको संख्या बढ्दै गएको छ ।

समाचार पृष्ठ २

**राजकरण महतो** | *काठमाडौं*

– को रिपोर्ट

## सिरिया–इराक क्षेत्रमा अमेरिकी कारबाही तीव्र



**वासिङ्टन** (एजेन्सी): अमेरिकी सेनाले शुक्रबार सिरियाका ७० भन्दा बढी इस्लामिक राज्यमा आक्रमण गरेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उक्त आक्रमणलाई 'धेरै गम्भीर प्रतिशोध' भएको बताएका छन्। गत सप्ताहअन्तमा भएको आक्रमणमा ३ अमेरिकीको मृत्यु भएको थियो।

वासिङ्टनका अनुसार, पाम्यारा सहरमा भएको आक्रमण एकल आक्रमणकारीले गरेको थियो। पाम्यारा युनेस्को सूचीमा सूचीकृत प्राचीन भग्नावशेषको लागि प्रसिद्ध छ र पहिले जिहादी लडाकुहरूको नियन्त्रणमा रहेको थियो। उक्त आक्रमणमा दुई अमेरिकी सैनिक र एक अमेरिकी नागरिकको मृत्यु भएको थियो।

यसको जवाफमा, अमेरिकी सेनाले 'सिरियाका विभिन्न स्थानमा युद्धपोत, आक्रमण हेलिकोप्टर र तोपखानाको प्रयोग गरी ७० भन्दा बढी लक्ष्यमा हमला गरेको' सेन्ट्रल कमाण्डले जनाएको छ। सेन्ट्रल कमान्डका अनुसार, 'सञ्चालनमा सयभन्दा बढी सटिक हतियार प्रयोग गरेर आतंकवादी पूर्वाधार र हतियार भण्डारमा लक्षित गरिएको' थियो।

राष्ट्रपतिले सामाजिक सञ्जालमा लेखेका छन्, 'अमेरिका जिम्मेवार आतंककारीहरूमा गम्भीर प्रतिशोध गरिरहेको छ।' सेन्ट्रल कमान्डले पाम्यारा आक्रमणपछि अमेरिकी र साझेदार सेनाले सिरिया र इराकमा १० वटा अभियान सञ्चालन गरेका छन्, जसमा २३ आतंककारी मारिएका वा पक्राउ परेका छन्।

सिरियाको विदेश मन्त्रालयले शुक्रबारको आक्रमणमा सीधा टिप्पणी नगरे पनि सामाजिक सञ्जालमा पोष्ट गर्दै भनेको छ, 'देश आतंकवादी समूहसँग लड्न प्रतिबद्ध छ र 'सिरियामा कुनै सुरक्षित ठाउँ नहोस् भनेर अभियान जारी राख्नेछ।'

पाम्यारा आक्रमणमा मारिएका अमेरिकीहरू आइओवा राज्यको राष्ट्रिय गार्डका सर्जन्ट विलियम होवार्ड र एडगर टोरेस टोवार र मिशिगनका नागरिक अयाद मन्सुर साकात हुन्। लामो समयदेखि सत्तामा रहेका बशर अल-असदको पदच्युतपछिको यो आक्रमण पहिलो घटना हो।

## गाउँ-गाउँमा रोहिंग्या शरणार्थी, मधेसमा बढ्दो सुरक्षा चुनौती

**मनिका झा** | *जनकपुरधाम*

मधेसका सहर बजार र गाउँघरमा अहिले भिन्दै खालको भेषभूषा र बुझ्नसमेत अप्ठ्यारो हुने भाषामा कुराकानी गर्ने थुप्रै अपरिचित व्यक्तिहरूको आवागमन बढेको छ। पर्सा, सिरहा, धनुषा, महोत्तरी, रौतहटलगायत मधेसका अधिकांश जिल्लामा रोहिंग्या शरणार्थी हजारौंको संख्यामा प्रवेश गरेपछि यसले सर्वसाधारण माझ असुरक्षाको वातावरण सिर्जना गरेको छ।

सिरहाको धनगढी माई नगरपालिका-१० कृषि बजारमा पाल टाँगेर बसेका सयौं रोहिंग्या शरणार्थीका कारण कृषि बजारमै चोरीडकैतीका घटना बढेका थिए। आपराधिक गतिविधिहरू बढेपछि वडाअध्यक्ष सरोजकुमार महतो आफैंले ती सबै अपरीचितहरूलाई कृषि बजारको जग्गाबाट हटाएको बताए। 'उनीहरू को हुन्, कहाँबाट आएका हुन्, कुन समुदायका हुन्, केही भन्दैनन्।

पटक-पटक आएर वडाका विभिन्न स्थानहरूमा घर बनाएर बस्छन्। यिनीहरूका कारण समाजमा चोरी डकैतीका घटनाहरू पनि बढ्न थालेपछि मैले सबैलाई हटाएको हो,' वडाअध्यक्ष महतो भन्छन्, 'यस्ता अपरिचित व्यक्तिहरूलाई सीमानाकाबाट नेपाल प्रवेश गर्न नै दिनुहुँदैन।'

पर्साको वीरगञ्ज नाकाबाट सयौंको संख्यामा नेपाल छिर्ने प्रयास गरेका रोहिंग्या शरणार्थीलाई स्थानीयको विरोधपछि प्रहरीले बाटोबाटै भारततर्फ फिर्ता पठाएको थियो। धनुषाको जनकपुरसहित आसपासका गाउँहरूमा पाल टाँगेर ठूलो संख्यामा यस्ता व्यक्तिहरू बसेका छन्।

मगन्ते, फुटपाथे व्यापारी र स-साना सामानहरू बेच्ने नाममा गाउँसहर पसेका यस्ता अपरिचित व्यक्तिहरू अधिकांश रोहिंग्या शरणार्थी रहेको प्रहरीको भनाइ छ। भारतको बाटो हुँदै सीमाबाट नेपाल छिर्ने यस्ता रोहिंग्या शरणार्थीहरूबाट मधेसमा सुरक्षा खतरासमेत बढेको मधेस प्रदेशका प्रहरी प्रमुख डीआईजी गोविन्द थपलिया बताउँछन्।

'यसै साता हामीले सिरहाबाट समातिएका दुई जना अपरिचितलाई समातेर आप्रवासनमा पठाएका हौं। उनीहरूबाट सुरक्षामा समस्या हुन सक्छ किनभने उनीहरूको न त कुनै पहिचान हुन्छ,' डीआईजी थपलिया भन्छन्, 'प्रहरीको तर्फबाट सबै नेपाली नागरिकहरूमा हामी अपिल गर्छौं कि यस्ता खालका फरक संस्कृति, भेषभूषा र अपरिचित व्यक्तिहरू आफ्नो टोल छिमेकमा देख्नबित्तिकै हामीलाई खबर गर्नुस्। यस्ताहरूलाई समातेर हामी कारबाहीका लागि आप्रवासनमा पठाउँछौं।'

> पटक-पटक आएर वडाका विभिन्न स्थानहरूमा घर बनाएर बस्छन् । यिनीहरूका कारण समाजमा चोरी डकैतीका घटनाहरू पनि बढ्न थालेपछि मैले सबैलाई हटाएको हो ।
>
> **सरोजकुमार महतो,**
>
> वडाअध्यक्ष, धनगढी माई नगरपालिका-१०

रोहिंग्या शरणार्थीहरू बेरोजगार भएकाले आपराधिक गतिविधिमा संलग्न हुने जोखिम रहेको छ। रोहिंग्या शरणार्थीको विषयमा अध्ययन गर्न गृह मन्त्रालयले २४ कात्तिक २०७६ मा काठमाडौंका तत्कालीन सहायक प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटवालको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको थियो। यस कार्यदलले रोहिंग्याहरू नेपालका लागि दीर्घकालीन खतरा हुन सक्ने निष्कर्षसमेत निकालेको थियो।

सो बेला कार्यदलका संयोजक कटवालले रोहिंग्या शरणार्थीलाई आश्रय दिँदा उनीहरू बसेको क्षेत्रमा स्थानीय समुदायले उपयोग गर्ने स्रोतसाधनमा कमी हुने र आन्तरिक द्वन्द्व फैलिने खतरा औंल्याएका थिए। त्यसैगरी फरक सांस्कृतिक पृष्ठभूमिका मानि एकै साथ बस्दा कलह हुने सम्भावना पनि कार्यदलले औंल्याएको थियो।

» बाँकी पृष्ठ ६

## पूर्वप्रधानमन्त्री इमरान खान र पत्नी बुशरा बीबीलाई १७ वर्ष जेल



**राउलपिन्डी** (एजेन्सी) : संघीय अनुसन्धान एजेन्सी (एफआईए) को विशेष अदालतले शनिबार पाकिस्तानका पूर्वप्रधानमन्त्री तथा पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआई) का संस्थापक इमरान खान र उनकी पत्नी बुशरा बीबीलाई १७ वर्षको जेल सजाय सुनाएको छ।

अदालतको आदेशको प्रतिलिपिबाट उद्धृत गर्दै डनले रिपोर्ट गरेअनुसार दुवैलाई १ करोड ६४ लाख रुपैयाँ जरिवाना गरिएको छ, कानुनअनुसार, जरिवाना तिर्न असफल भएमा थप जेल सजाय हुनेछ। रावलपिन्डीको अडियाला जेलमा भएको सुनुवाइका क्रममा विशेष न्यायाधीश सेन्ट्रल शाहरूख अर्जुमन्दले फैसला सुनाएको बताइएको छ।

## साहसिक चायाहरू: आफूले गोली खाए, अरूको ज्यान जोगाए


**जे पाण्डे** | *सिड्नी (अस्ट्रेलिया)*

आतंकवादी आक्रमणको त्यो बीभत्स क्षण। आफू सरहका नि:सहाय बालबालिकालाई आफ्नै शरीर ढाल बनाएर जोगाउन खोज्दै गर्दा १४ वर्षीया चाया डाडोनलाई खुट्टामा गोली लाग्यो। घाइते चाया मृत्युको डरका बीच पनि अरूको जीवन बचाउने साहस देखाउनपछि हटिनन्। हाल उनको अस्पतालमा उपचार भइरहेको छ।

आक्रमणका त्यो कहाली लाग्दो क्षणमा असाधारण वीरता प्रदर्शन गर्नेहरूमध्ये एक चाया क्रमश: निको हुँदैछिन्। उक्त भयावह आक्रमणमा चायासहित ४ जना बालबालिका घाइते भएका थिए।

एकाएक बोन्डी समुद्री किनारमा गोली बर्सिन थाल्यो। चायाले सहयोगका लागि एक महिलाको आँत्तिएको पुकार सुनिन्। ती महिलाले १४ वर्षीया चायालाई आफ्ना साना बच्चाहरू जोगाइदिन आग्रह गरेकी थिइन्। चाया आफ्ना साथी सँगै बेन्चबाट दौडिइन्। आफ्नो शरीरलाई दुई साना बच्चाहरूको माथि राखेर सुटरबाट बचाइन्। त्यही क्रममा केही क्षणमै चायाको खुट्टामा गोली लाग्यो।

उनका हजुरबुवा रब्बी याकोव लिडर भन्छन्- 'स्वाभावले नै अरूको जीवन जोगाउन चाहन्थिन्। जब आतंकवादीले मानिस मार्दै छन्, भन्ने लाग्यो, उनले ज्यान बचाउने काम गरिन्।' लिडरले चायालाई 'संवेदनशील' र 'सान्त प्रेमी आत्मा' भएको बताए। चायाले जोगाएकी एक महिला पनि गोली लागेर घाइते थिइन्। उनी पनि अस्पतालमा छिन्।



चाया डाडोन



जेसीका रोजिन

आक्रमणका बेला धेरैले एक अर्कालाई बचाउने प्रयास गरेका थिए। एउटी अपरिचित बालिकालाई बचाउन जेसिका रोजिन पनि रक्षाकबच जस्तै बनेकी थिइन्। गर्भवती महिला गोली लाग्नबाट अरूलाई जोगाउन दौडधुप गर्दै थिइन्। गोली चलिरहेका बेला हिम्मत र बहादुरीका साथ साना बालबालिका जोगाउने जेसिका आफूले निभाएको भूमिकालाई मानवीय धर्म ठान्छिन्। भन्छिन्- 'तर म नायक होइन।'

जेसिका सिड्नीकी आमा हुन्। आफ्नो तेस्रो सन्तान गर्भमा राखेर बोन्डाइको 'चानुक्का बाई द सी' कार्यक्रममा सहभागी भएकी थिइन्। जब गोलीबारी सुरु भयो, साना बालबालिकालाई आफ्नो शरीरले ढाकेर ढाल बनेकी थिइन्। त्यति बेला उनको शरीरमा रगतका छिटा परिसकेका थिए। तर, पनि बालिकालाई बचाइरहेकी थिइन्। उनी भन्छिन्- 'म साथीहरूसँग कुरा गर्दै थिएँ। पति छोरी, छोरा र सासूलाई लिएर टाइलेट जानुभएको थियो। त्यति बेला गोली चल्यो।' रोजिनले गोलीबारीको समयमा रक्षाकबच बनेर बचाउने धेरै अन्य नायकहरू पनि देखेको बताइन्।

अरूको ज्यान बचाउन आफ्नो ज्यानको बाजी लगाउनेहरूमध्ये ४३ वर्षीय अहमद अल-अहमदलाई त प्रधामन्त्री एन्थोनी अल्बानीजले 'वीर पुरुष' नायकको संज्ञा नै दिएका छन्। जसले ५० वर्षीया आक्रमणकारी साजिद अकरामलाई पछाडिबाट समातेर हातको बन्दुक खोसेका थिए। धेरैको ज्यान जानबाट जोगाउँदा भएको लडाइँमा घाइते अहमद पनि अस्पतालमा छन्। छिट्टै नै उनी घर फर्किने छन्।

एक अर्कालाई मृत्युको मुखबाट जोगाउन प्राणको बाजी लगाउँदा लगाउँदै १० वर्षीया बालिका मटिल्डाको भने मृत्यु भयो। उनका पिता माइकलले अस्ट्रेलियामा जन्मेकी पहिलो सन्तान भएकाले माटिल्डा नाम राखेको बताए। 'मैले सोचे मटिल्डा अस्ट्रेलियाली नाम हो। त्यसैले त्यो नाम दिएका थियौं,' उनले भने।

अस्ट्रेलियामा वाल्टजिंग माटिल्डा भन्ने अत्यन्त प्रसिद्ध लोकगीत छ। यो गीतलाई धेरैले अनौपचारिक राष्ट्रिय गीत मान्छन्। त्यसैले छोरीको नाम माटिल्डा राखेका थिए।

जुन अस्ट्रेलिया, बेलायत, युरोप सँगै र विश्वभर प्रचलित नाम हो। उनीहरू युक्रेनबाट यहाँ आएकाले छोरीलाई राष्ट्रिय पहिचना दिन चाहेका थिए। उनकी पत्नी भ्यालेन्टिनाले आफ्नो थर गोप्य राख्न अनुरोध गर्दै आएकी छिन्। अहिलेसम्म आँसु थाम्न सकिरहेका छैनन्।

काकी लिनाले आफ्नो सामाजिक सञ्जालमा लेखेकी छिन्- 'हाम्रो परिवारमा ठूलो दुःखको घटना भयो। प्रिय भतिजी माटिल्डा आतंकवादी आक्रमणमा मारिइन्। हामी यस्तो दुःख कसरी बाँच्ने थाहा छैन।'

» बाँकी पृष्ठ ६